# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४७) काठमाडौं, माघ २७गते २०५४ साल (अतिरिक्ताङ्क ५७

## भाग ३

### निर्वाचन आयोगको

### सूचना १

सम्मानीत सर्वोच्च अदालतको मिति २०५४।४।३ को आदेश बमोजिम स्थगित हुन गएको जिल्ला विकास समिति, पर्साको पदाधिकारीहरूको निर्वाचन यस आयोगको मिति २०५४।१०।१७ को निर्णय अनुसार २०५४ साल फागुन ४ गते सोमबार बिहान ८:०० बजेदेखि १७:०० बजेसम्म मतदान कार्य संचालन हुने गरी निर्वाचन आयोगले मतदान हुने मिति र समय तोकेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना २

स्थानीय निकाय (निर्वाचन कार्यविधि) ऐन, २०४८ को दफा ४ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले मिति २०५४।१०।२५ देखि लागु हुने गरी जिल्ला विकास समिति, पर्साको पदाधिकारीहरूको निर्वाचनको लागि जिल्ला प्रशासन कार्यालय, पर्साको का.मु. प्रमुख जिल्ला अधिकारी श्रीमती अम्बिका के.सी. लाई निर्वाचन अधिकृत नियुक्त गरेको छ ।

आज्ञाले,
पुरुषोत्तम ढकाल
निर्वाचन आयोगको का.मु. सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१३६०२

मुद्रण विभाग, सिंहदरबार

९३६०४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।